आज मिति २०८१।०७।०४ गते बिहान ७:३० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री चुरामणी पन्थी | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. ०४/२०८१।०८२

**मिति :२०८१।०७।०४ गते बिहान ७:३० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८१।०६।०८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८१।०६।३० गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ १७.०५ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ५.१९ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो। साथै आन्तरिक राजश्व तर्फ ६३ लाख १० हजार ५१५ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सीप तथा क्षमता विकास तालिम सञ्चालन गर्ने सम्बन्धमा।**

**निर्णय :** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.न. १२१ मिति २०८१।०६।१६ को पत्रानुसार युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना तर्फबाट आ.व. २०८१।०८२ सशर्त अनुदान अन्तर्गत कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि बजेट विनियोजन भई आएको हुँदा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, (शंसोधित) २०७९ को परिच्छेद ५ तर्फको सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी मार्गदर्शनको अधिनमा रही आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

४. **मनोसामाजिक परामर्श कर्ताको पदपूर्ति सम्बन्धमा।**

**निर्णय :** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नीति, योजना, अनुगमन तथा मूल्यांकन शाखाको च.नं. २३४ मिति २०८१।०३।०७ गते पत्रानुसार सुरक्षित आप्रवासन (Sami) कार्यक्रमको आगामी चरण सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आ.व. २०८१।०८२ का लागि १ जना मनोसामाजिक परामर्श कर्ता (पाँचौ तह) को लागि वित्तिय हस्तान्तरण मार्फत रकम प्राप्त भएको र प्रदेश सरकारबाट समेत कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्था भई आएको हुँदा बजेटको अधिनमा रही सुरक्षित आप्रवासन (Sami) कार्यक्रमको चौथो चरण सञ्चालन तथा मार्गदर्शन, २०८१ को अधिनमा रही मनोसामाजिक परामर्श कर्ता नियुक्तिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

५. **नगर शिक्षा समितिको निर्णय सम्बन्धमा ।**

**निर्णय :** मिति २०८१।०६।३० गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

६. **सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा ।**

**निर्णय :** सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा १० बमोजिम सामाजिक सुरक्षा योजना सञ्चालन गर्नको लागि रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकबाट ११ प्रतिशत रकम कट्टा गरी सो रकममा श्रमिकको आधारभूत २० प्रतिशत रकम थप गरी कुल ३१ प्रतिशत रकम कोषमा जम्मा गर्ने व्यवस्था भएको साथै बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगरसभाबाट सामाजिक सुरक्षा कोष (निर्णय अनुसार कार्यान्वयनमा क्रमशः सबैलाई समावेश) शिर्षकमा बजेट विनियोजन भएको हुँदा सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने निर्णय गरियो ।

७. **पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।**

**निर्णय :** पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा तपसिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिलः

| हाल रहेको व्यवस्था | | | संशोधन पश्चात कायम हुने | |
|---|---|---|---|---|
| क्र.स. | फार्मको वर्गीकरण | दुधालु (माउ) गाई/भैसीको संख्या | फार्मको वर्गीकरण | दुधालु (माउ) गाई/भैसीको संख्या |
| १ | साना | ५ देखि १० वटा | साना | ३ देखि ५ वटा |
| २ | मझौला | ११ देखि २० वटा | मझौला | ६ देखि १० वटा |
| ३ | ठूला | २१ भन्दा माथि | ठूला | ११ भन्दा माथि |

८. **हेन्डपाइप वितरण सम्बन्धी मापदण्ड सम्बन्धमा ।**

**निर्णय :** खानेपानी हेन्डपाइप वितरण सम्बन्धी मापदण्ड, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

९. **बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा ।**

**निर्णय :** बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आ.व. २०८१।०८२ को लागि तपसिल बमोजिम हुने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

| क्र.स | विषयगत क्षेत्र | क्रियाकलाप | इकाई | प्रति इकाई मुल्य | जम्मा रकम | श्रोत नेपाल सरकार प्रदेश,स्थानीय तह र अन्य विकास सझेदार रकम खुलाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक | पटक | ३०००० | ३०००० | स्थानीय तह | |
| | | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक | पटक | ५५००० | ५५००० | स्थानीय तह | |
| | | पोषण सहजकर्ताको पारिश्रामिक,चाडपर्व,पोशाक,भत्ता समेत | जना | | २२५००० | नेपाल सरकार | |
| | | सुनौलो हजार दिनका आमा समूहमा अभिमुखिकरण | पटक | ८००० | ८०००० | स्थानीय तह | |
| | | पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | पटक | | १००००० | नेपाल सरकार | |
| २ | शिक्षा | माध्यमिक विद्यालयका किशोरीहरुलाई पोषण खानपान सम्बन्धी अभिमुखिकरण | स्थान | १५००० | ३०००० | स्थानीय तह | |
| ३ | खानेपानी तथा सरसफाई | सुनौला हजारदिनका आमा समूहमा सरसफाई सम्बन्धी अभिमुखीकरण | स्थान | १२५०० | २५००० | स्थानीय तह | |
| ४ | महिला बालबालिका | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आयआर्जन अनुदान | स्थान | | ७००००० | नेपाल सरकार | |
| ५ | कृषि विकास | सुनौलो हजारदिन भित्रका आमाहरुलाई करेशाबारी व्यवस्थापनका लागी तरकारी बीउ वितरण | पटक | | १३०००० | स्थानीय तह | |
| ६ | पशु सेवा | सुनौलो हजार दिनका आमाहरुको लागी अण्डा वितरण | क्यारेट | | १५०००० | स्थानीय तह | |
| | | **जम्मा** | | | १६३५००० | | |

१०. **विविध।**

क) राजपुर सामुदायिक सिकाई केन्द्र, कपिलवस्तुको पत्र सम्बन्धमा।

**निर्णयः** राजपुर सामुदायिक सिकाई केन्द्र राजपुर, कपिलवस्तुको च.नं. २५ मिति २०८१।०६।२० गतेको पत्र अनुसार बुद्धभूमि नगरपालिकाको वडा नं. ५ राजपुर सामुदायिक सिकाई केन्द्रले नगरस्तरीय दोस्रो बुद्धभूमि साहित्यिक महोत्सव आयोजना गर्न लागेको हुदाँ उक्त आयोजना सञ्चालनको लागि प्रस्तावना पेश भएकोले नगरपालिकाबाट उक्त कार्यक्रमको लागि चालु प्रशासनिक सि.नं. ५३ खर्च शिर्षक २५३१५ अन्य संस्था सहायता मध्येबाट रू. १,००,०००।– (एक लाख रूपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**ख)डाबरा युवा क्लबको पत्र सम्बन्धमा।**

**निर्णयः** श्री डाबरा युवा क्वल, बुद्धभूमि न.पा. ४, डाबरा, कपिलवस्तुको च.नं. १५२ मिति २०८१।०६।११ गतेको पत्रानुसार उक्त संस्थाले २०८१।०६।१७ गते रक्तदान कार्यक्रम सञ्चालन गरेकोले उक्त कार्यक्रमको लागि सहयोग स्वरूप रू. २०,०००।– (बीस हजार मात्र) सामाजिक विकास तर्फको युवा लक्षित कार्यक्रमको सि.न. ३ मा विनियोजित रू. २,००,०००।– (दुई लाख मात्र) रक्तदान कार्यक्रम स्रोत सामग्री व्यवस्थापन (कार्यविधि अनुरूप प्रमुखको सहमति) शिर्षकबाट दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**ग) नापी कार्यालय तौलिहवा कपिलवस्तुको पत्र सम्बन्धमा ।**

**निर्णयः** नापी कार्यालय, तौलिहवा कपिलवस्तुबाट यस बुद्धभूमि नगरपालिकामा गाउँ ब्लक जग्गाको नापी नक्सा गर्नुपर्ने भएकोले नापी कार्यालय, तौलिहवा कपिलवस्तुबाट खटिने जनशक्तिको लागि पायक पर्ने स्थानमा आवास सुविधा उपलब्ध गराउने व्यवस्थापन गर्ने निर्णय गरियो ।

**घ) साना कृषि यन्त्र खरिद सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिको पन्ध्रौं नगरसभाबाट पारित योजना पुस्तिकाको सि.नं. १३ मा प्रदेश सर्शत तर्फ कृषि यान्त्रिकरण कार्यक्रममा विनियोजित बजेट र लागत साझेदारीमा साना कृषि यन्त्र वितरण कार्यक्रममा विनियोजित बजेटलाई एकीकृत गरी विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्ने निर्णय गरियो ।

**ङ) आ.व. २०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम योजना सञ्चालन तथा वित्तीय साक्षरता कक्षा सञ्चालनको सम्बन्धमा ।**

**निर्णयः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३४ मिति २०८१।०४।२८ गतेको पत्रानुसार नेपाल सरकार (सचिवस्तर) मिति २०८१।०४।२८ गतेको निर्णय अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाएको हुँदा बुद्धभूमि नगरपालिका वडा नं. ४, ५, ६, ९ र क्रमश बाँकी वडामा बेरोजागर व्यक्तिलाई प्राथामिकता अनुसार योजनाको काममा खटाउने र आ.व. २०८१।०८२ को लागि वित्तीय साक्षरता कक्षा सञ्चालन कार्यक्रम वडा नं. ९ र ७ मा सञ्चालन गर्ने र प्रति सहभागी रू. ५०।- को दरले खाजा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**च) सम्मान सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. ९ निवासी बाबुराम सुनार तथा माया सुनारको छोरा श्री मा.वि. इमिलिया कक्षा १० मा अध्ययरत विराज सुनारले **1st South Asian School Combat Games-2024, 1st October to 4th October** सम्म **Dhaka Bangladesh** मा भएको ४८ के.जी. समूहको उसु खेलमा **Gold Medal** प्राप्त गरेकोले निज विराज सुनारलाई खेलकुद प्रोत्साहन गर्नको लागि रू. १०,०००।– (दश हजार मात्र) सहित सम्मान प्रदान गर्ने निर्णय गरियो ।

२०८१।०६।०८

चुरामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख